# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, ज्येष्ठ २९ गते २०२४ साल [ संख्या ९


श्री ५ को सरकार

### निर्माण, सञ्चार तथा यातायात–मन्त्रालयको

### सूचना

राजमार्ग (निर्माण व्यवस्था) ऐन, ०२१ को दफा २ को खण्ड (ख) र दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका निर्माणाधीन सडकहरू राजमार्ग घोषित गरी सो राजमार्गको दायाँ बायाँ देहायबमोजिम राजमार्ग क्षेत्र तोकिदिएको छः–

| राजमार्गहरू | राजमार्ग क्षेत्र |
| --- | --- |
| १. कुनौली हनुमाननगर फत्तेपुर राजमार्गः– | राजमार्ग केन्द्र रेखा ( सेण्टर लाईन) को दायाँ बायाँ १६ गज २ फीटको हिसाबले जम्मा ३३ गज १ फीट । |
| २. हनुमाननगर राजविराज राजमार्गः– | " " " |

आज्ञाले--

श्यामकृष्ण भट्टराई

श्री ५ को सरकारको सचिव ।


अधिकारिकता मुद्रण विभाग(१)बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं दक्षिणकाली सडकको मोडहरू सोझ्याउने कामको लागि तपसीलबमोजिमको जग्गा रोपनी २२।।८।।।१ बाईस रोपनी नौआना तीनपैसा एक दामको मालपोत रोपनी १ को रू. २।६० ले जम्मा रू. ५८।६३ अन्ठाउन्न रुपैयाँ त्रिसट्ठी पैसा लाग्ने जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा धनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ:–

तपसील

का. इ. फर्पिङ्ग भञ्ज्याङ्ग पिखेलको

१. पूर्व प्रेमबहादुर अधिकारीको रैकर, पश्चिम, उत्तर, अम्बरबहादुरको रैकर, दक्षिण विशंखुनारायण जाने मूलबाटो यति चार किल्लाभित्रको अम्बरबहादुर थापाको रैकर रोपनी ।।= प्रेमबहादुर अधिकारी क्षेत्रीको रैकर रोपनी ।।≡ समेत जम्मा रोपनी एक रोपनी पांच आना – – १।–

का. इ. गोपालेश्वर फांटको

२. पूर्व, उत्तर, गोपालेश्वर जाने बाटो, पश्चिम दक्षिणकाली जाने मूलबाटो, दक्षिण हर्षबहादुरको रैकर यति चार किल्लाभित्रको हिराम जैन फर्पिङ्गको रैकर रोपनी १।। काली महर्जनको रैकर रोपनी १।। कालु महर्जनको रैकर रोपनी ।।।– माहिला महर्जनको रैकर रोपनी ।–। हर्षबहादुर महर्जनको रैकर रोपनी ३ऽ– काल प्रसाद महर्जनको रैकर रोपनी १।।– श्यामबहादुर महर्जनको रैकर रोपनी १।। कान्छा महर्जनको रैकर रोपनी २।– कालीप्रसाद श्रेष्ठको रैकर रोपनी ।– समेत जम्मा रोपनी बाह्र रोपनी दश आना एक पैसा – – १२।।=।

का. इ. फर्पिङ सोखेल भञ्ज्याङको

३. पूर्व, मूल सडक बाह्र डोल जाने, पश्चिम शेषनारायणस्थान जाने मूल सडक, उत्तर देवालय, दक्षिण मूल सडक यति चारकिल्लाभित्रको तिलकबहादुर थापा सोखेल भञ्ज्याङको रैकर रोपनी ।– तिलकबहादुरको सानुभाई मानन्धरले कमाएको रैकर रोपनी ≡२ समेत जम्मा रोपनी आठ आना दुई दाम – – ।।ऽ२

का. इ. बाह्र डोलको

४. पूर्व बाह्रडोलको मूल सडक, पश्चिम देवराजको रैकर खेत, उत्तर बाँसबारी जाने मूल बाटो, दक्षिण सोखेल जाने मूल सडक यति चार किल्लाभित्रको चक्रबहादुर श्रेष्ठको रैकर रोपनी [illegible] श्रेष्ठको रैकर रोपनी [illegible] कृष्णबहादुर श्रेष्ठको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रैकर रोपनी ।≡ देवराज श्रेष्ठको कृष्णबहादुर श्रेष्ठले कमाएको रैकर रोपनी ‑।। ज्ञानबहार श्रेष्ठको कृष्णबहादुर श्रेष्ठले कमाएको रैकर रोपनी कित्ता २ को जम्मा = नरबहादुर श्रेष्ठको कृष्णबहादुर श्रेष्ठले कमाएको रैकर रोपनी ऽ। एक पैसा रत्नमाया मानन्धरनीको कृष्णबहादुर श्रेष्ठले कमाएको रैकर रोपनी ‑। सानुभाइ मानन्धरको कृष्णबहादुरले कमाएको रैकर रोपनी ‑। विष्णुमाया श्रेष्ठनीको कृष्णबहादुरले कमाएको रैकर रोपनी ‑ समेत जम्मा रोपनी एक रोपनी छ आना – १।=

## का. इ. बांसबारीको

५. पूर्व बान्हमूले जाने सडक, पश्चिम प्रेमलालको रैकर बारी, उत्तर कलधारा, दक्षिण मूल सडक यति चारकिल्लाभित्रको पूर्ण सार्की बांसबारीको रैकर ऽ। चन्द्रबहादुरको पूर्णसार्कीले कमाएको रैकर रोपनी = जूठेबहादुर क्षेत्रीको पूर्णसार्कीले कमाएको रैकर रोपनी ‑।। जितबहादुर श्रेष्ठको पूर्णसार्कीले कमाएको रैकर रोपनी ऽ।। १ न्हुछेलालको पूर्णसार्कीले कमाएको रैकर रोपनी ‑ प्रेमलालको पूर्णसार्कीले कमाएको रैकर रोपनी = पूर्णमाया श्रेष्ठनीका रैकर रोपनी ‑२ समेत जम्मा रोपनी आठ आना। एकपैसा तीन दाम ।।ऽ।३

## का. इ. बोशन खोलाको

६. पूर्व चोभार जाने मूल सडक, पश्चिम सानी खत्रिनीको रैकर खेत, उत्तर बोशन खोला, दक्षिण मूल सडक यति चारकिल्लाभित्रको हीराकर्किनीको रैकर रोपनी ।।≡ सानी खत्रिनीको रैकर रोपनी ।. सुभद्रादेवी उपाध्यायनीको रैकर रोपनी ।= समेत जम्मा रोपनी एक रोपनी पांचआना। १।‑

## का. इ. फर्पिङ्ग मोरङ्गटन फांटको

७. पूर्व नारायण ज्यापूसमेतको रैकर, पश्चिम हर्षबहादुरसमेतको रैकर, दक्षिण प्रेम-समेतको रैकर, उत्तर भिर यति चारकिल्लाभित्रको चन्द्रबहादुर श्रेष्ठ का. इ. फरपिङको कित्ता २ को रोपनी ।।=। त्योचा पोडेको रैकर रोपनी ।≡।। हर्माचा ज्यापूको रैकर रोपनी ‑।।।' लालबहादुर ज्यापूको कित्ता ४ को रैकर रोपनी १।।।≡।। कुमाचा श्रेष्ठको रोपनी ≡।। नारानज्यापूको रैकर रोपनी ।≡ जगतबहादुर ज्यापूको रैकर रोपनी ।।' दानबहादुर महर्जनको रैकर रोपनी १=।।। विलबहादुरको रैकर रोपनी कित्ता २ को ।. प्रेमबहादुरको रैकर रोपनी ऽ।। हर्षबहादुर महर्जनको रैकर रोपनी =। समेत जम्मा रोपनी चार रोपनी पन्ध्रआना ४।।।≡

आज्ञाले–

श्यामकृष्ण भट्टराई

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।